१०४

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४५२/२०७१/०७२

निर्णय नं.१६

बाँके जिल्ला गनापुर गा.वि.स. वार्ड नं. २ बस्ने नारायण पाल गडरिया ............................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, बाला जी कत्था उद्योग गनापुर, बाँके ................................................१ बिपक्षी
सूचना अधिकारी, बाला जी कत्था उद्योग गनापुर, बाँके ................................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

बाँके जिल्ला गनापुर गा.वि.स. वार्ड नं. २ बस्ने नारायण पाल गडरियाले बाला जी कत्था उद्योग गनापुर, बाँके समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।२१ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी बाला जी कत्था उद्योग गनापुर, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

### तपसिल

१. यस उद्योगको जग्गाको क्षेत्रफल कति छ ? र यस उद्योगले उद्योग संचालन गर्दा कच्चा पदार्थ कहाँबाट ल्याउने गरेको छ ।

२. यो उद्योग कुन मितिमा दर्ता भएको हो ?

३. यस उद्योगमा मजदूर र कर्मचारी के कति जना छन् ? र कति तलब स्केलमा काम ज्याला तोकिएको छ ?

४. यस उद्योगबाट नेपाल सरकारको आन्तरिक राजश्व कर कुन कुन मितिमा चुक्ता गरिन्छ के तिर्नु भएको छ ?

५. यस उद्योगबाट कै कति ब्राण्डको सामाग्री उत्पादन हुन्छ र कुन दररेटमा बिक्री हुन्छ ?